# संघीय संसद
# राष्ट्रिय सभा

## आठौं अधिवेशन अवधिमा सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य कामकारवाहीको संक्षिप्त विवरण

संघीय संसद, राष्ट्रिय सभाको आठौं अधिवेशनको पहिलो बैठक मिति २०७८ साल असार १७ गते बिहीबार अपरान्ह ४:०० बजे प्रारम्भ भई २०७८ साल असार २८ गते सोमबारसम्म जम्मा १२ दिन चालु रह्यो । यस अवधिमा बैठक बसेका ६ दिनहरुमा ६ वटा बैठक बसी १० घण्टा १५ मिनेट सभाको काममा व्यतीत भयो ।

सभाको पहिलो बैठकमा सम्माननीय अध्यक्षले लुम्बिनी प्रदेश र बागमती प्रदेशबाट राष्ट्रिय सभाको लागि भएको उपनिर्वाचनबाट निर्वाचित सदस्यहरु क्रमश: दृगनारायण पाण्डेय र डा. खिमलाल देवकोटालाई सभामा स्वागत गर्नु भएको थियो भने सोही बैठकमा राष्ट्रिय सभामा प्रतिनिधत्व गर्ने दलका नेताहरुबाट अधिवेशन आह्वानको अवसरमा मन्तव्य राख्नु भएको थियो ।

त्यसैगरी सभाको पहिलो बैठकमा देहाय बमोजिमका १६ वटा अध्यादेशहरु पेश भएका थिए:-

१. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७
२. शपथ सम्बन्धी अध्यादेश, २०७८
३. नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८
४. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८
५. सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८
६. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८
७. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८
८. कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८
९. औषधी (तेस्रो संशोधन) अध्यादेश, २०७८
१०. "रेल्वे अध्यादेश, २०७८"
११. बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो

संशोधन) अध्यादेश, २०७७

१२. फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८

१३. यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८

१४. आर्थिक अध्यादेश, २०७८

१५. विनियोजन अध्यादेश, २०७८

१६. राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८

यस अधिवेशनमा विधायन व्यवस्थापन समितिले दफावार छलफल गरी तयार पारिएका निम्न लिखित विधेयक सम्वन्धी समितिका प्रतिवेदनहरु सभा समक्ष पेश भएका थिएः-

१. नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६

२. नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६

३. योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६

सम्माननीय अध्यक्षले अधिवेशन चालु नभएको वखत सभाको सदस्य पद रिक्त भएका सम्वन्धमा प्रकाशित दुई वटा सूचनाबारे सभालाई जानकारी गराउनु भएको थियो ।

राजनीतिक दल सम्वन्धी ऐन, २०७३ अनुसार नेकपा (माओवादी केन्द्र) का राष्ट्रिय सभाका नेता दिनानाथ शर्माले वागमती प्रदेशबाट निर्वाचित सदस्य रामबहादुर थापा र लुम्विनी प्रदेशबाट निर्वाचित सदस्य चन्द्रबहादुर खड्काले दल त्याग गर्नु भएको सम्वन्धमा दिनु भएको लिखित जानकारी अनुसार क्रमशः मिति २०७८।१।५ गते र मिति ०७८।१।१५ गते राजनीतिक दल सम्वन्धी ऐन २०७३ को दफा ३५ को उपदफा (२) तथा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८६ को उपनियम (२) वमोजिम सदस्यको स्थान रिक्त भएका सम्वन्धी सूचना प्रकाशित भएका थिए ।

त्यसैगरी बाढी पहिरो, शान्ति सुरक्षा लगायतका समसामयिक विषयमा उपप्रधान तथा अर्थ, उद्योग तथा आपूर्ति, उर्जा, जलस्रोत तथा सिंचाई एवम् गृहमन्त्री विष्णुप्रसाद पौडेलले सभालाई सम्बोधन गर्नुभयो ।

सम्माननीय अध्यक्षले माननीय दृगनारायण पाण्डेयलाई राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा र माननीय खिमलाल देवकोटालाई प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा गरेको मनोनयनलाई सभाले अनुमोदन गरेको थियो।

अधिवेशन अवधिमा "राष्ट्रिय समावेशी आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७", “राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७”, “लोक सेवा आयोगको एकसट्ठीऔं वार्षिक प्रतिवेदन, २०७६/०७७”, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७६/०७७ र “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको दोस्रो वार्षिक प्रतिवेदन, २०७७” सभा समक्ष पेश गरिएका थिए ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले समितिको दोस्रो वार्षिक प्रतिवेदन, २०७६/०७७ र राष्ट्रिय सरोकार तथा समन्वय समितिले समितिको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदनसभा समक्ष पेश गरेको थियो ।

कार्यव्यवस्था परामर्श समितिले तय गरेको कार्यतालिका वमोजिम एक दिन मात्र पर्न गएको शून्य समयको सदुपयोग गर्दै ६ जना माननीय सदस्यहरुले बोल्नु भएको थियो भने ४ वटा बैठकमा रहेको विशेष समयमा दलगत रुपमा ४५ जना माननीय सदस्यहरुले ६ घण्टा १ मिनेट बोल्नु भएको थियो, जसमध्ये ३९ जना सदस्यले एक/एक पटक, ५ जना सदस्यले दुई पटक र १ जना सदस्यले तीन पटक बोल्नु भएको थियो ।

यस अधिवेशनको पहिलो बैठकमा पूर्व राष्ट्रिय सभा सदस्यहरू गंगादत्त जोशी, डा. शंकरप्रसाद उप्रेती, ऐश्वर्यलाल प्रधानाङ्ग, प्रा. विदुर पौडेल, पूर्व प्रतिनिधिसभा सदस्यहरू एकनाथ रानाभाट, कुबेरप्रसाद शर्मा, मोतिप्रसाद पहाडी, हरिभक्त अधिकारी, कृष्ण सिंह परियार, रत्न प्रसाद शर्मा, योग नारायण यादव एवम् संविधानसभा सदस्यहरू दिनेशचन्द्र यादव, अशोक कोइराला, नविन्द्रराज जोशी, लक्ष्मीदेवी भण्डारी, मोहम्मदी सिद्धिकी, शिवबहादुर खड्का, रबनी चौधरी, तप्तबहादुर विष्ट र पशुपति चौलागाईको निधन भएकोमा शोक प्रस्तावहरु पारित गरिएका थिए।

❀